# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८३।०५।२५ गते।

# प्रेस विज्ञप्ति

## विषयः आरोपपत्र दायर गरिएको।

जिल्ला धनुषा, धनौजी गाउँपालिका वडा नं. २ स्थित गौरदाहा देखि लखौरीसम्म सडक निर्माण कार्यमा कामै नगरी रकम हिनामिना गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा धनौजी गाउँपालिका, धनुषाले आ.व. २०७८/०७९ मा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत पुँजीगत खर्च अन्तर्गत धनौजी गाउँपालिका गौरदाहा देखि लखौरीसम्म बाटो (सडक) निर्माण कार्यको (ठेक्का नं.GNDRM/०७८/७९-०९) सूचना र आशयको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्नेमा सूचना लुकाउने उद्देश्यले धनौजी गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सावन कुमार चौधरीसमेतका कर्मचारीहरू एवं जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. एवं जनकपुर टुडे राष्ट्रिय दैनिकका कार्यकारी अधिकृत एवं अमृत मिडिया प्राइभेट लिमिटेडका प्रोप्राइटर राजेन्द्र यादव, जनकपुर टुडे राष्ट्रिय दैनिकका प्रधान सम्पादक समेतको आपसी मिलेमतो तथा योजनामा सूचना प्रकाशन नगरी नगराई धनौजी गाउँपालिकाको ठेक्काको प्रयोजनार्थ अभिलेखमा राख्ने गरी जनकपुर टुडे राष्ट्रिय दैनिकको पत्रिकाको एक प्रतिमा मात्र प्रकाशित बोलपत्र आव्हान र बोलपत्र आशयको सूचना धनौजी गाउँपालिकामा पेस गरी गराई सोही झुट्टा विवरणसहितको पत्रिकाको आधारमा रू.२,४९,५०४/- (दुई लाख उनान्पचास हजार पाँच सय चार रूपैयाँ) भुक्तानी दिए लिएको देखिएको, यसैगरी धनौजी गाउँपालिका गौरदाहा देखि लखौरीसम्म बाटो (सडक) निर्माण कार्य योजनामा धनौजी गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सावन कुमार चौधरीसमेतका कर्मचारीहरू एवं साइन कन्ट्रक्सन धनुषाका प्रोप्राइटर विकास प्रसाद यादव, एसकेवाइ इन्जिनियरिङ एण्ड ट्रेडिङ प्रा.लि. का प्रोप्राइटर राम नारायण साह र एसकेवाइ इन्जिनियरिङ एण्ड ट्रेडिङ प्रा.लि.का असिस्टेन्ट सब इञ्जिनियर शुभाष कुमार महरासमेतको मिलेमतोमा बदनियत राखी कुनै काम नै नगरी झुट्टा प्राविधिक बिल, नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरी गराई रू.२४,१५,१२०/- (चौवीस लाख पन्ध्र हजार एक सय बिस रूपैयाँ) साइन कन्ट्रक्सनलाई भुक्तानी दिए लिएको देखिंदा प्रतिवादीहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ), दफा ९ र दफा १९ को उपदफा (२) बमोजिमसमेतको कसुर भएको हुँदा जम्मा बिगो रू.२६,६४,६२४/- (छब्बीस लाख चौसठ्ठी हजार छ सय चौबीस) कायम गरी देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहायः**

| क्रस | नामथर पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | धनौजी गाउँपालिका धनुषाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत **सावन कुमार चौधरी** | रू.२६,६४,६२४/- | भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा बिगो छब्बीस लाख चौसठ्ठी हजार छ सय चौबीस रूपैयाँ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुन एवं गलत लिखतसमेत तयार गरे गराएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ बमोजिम कैद र |

| | | | |
|---|---|---|---|
| | | | जरिवाना हुन तथा गलत प्रतिवेदन तयार गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरसमेत गरेको हुँदा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| २. | धनौजी गाउँपालिका धनुषाका लेखापाल **राधेश्याम राय** | रू.२६,६४,६२४/- | भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा बिगो छब्बीस लाख चौसठ्ठी हजार छ सय चौबिस रूपैयाँ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुन एवं गलत लिखतसमेत तयार गरे गराएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना हुन तथा गलत प्रतिवेदन तयार गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरसमेत गरेको हुँदा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | धनौजी गाउँपालिका धनुषाका खरिदार **अरूण कुमार यादव** | रू.२४,१५,१२०/- | भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा बिगो चौबीस लाख पन्ध्र हजार एक सय बीस रूपैयाँ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुन एवं गलत लिखतसमेत तयार गरे गराएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना हुन तथा गलत प्रतिवेदन तयार गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरसमेत गरेको हुँदा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ४. | धनौजी गाउँपालिका, धनुषाका सि.अ.हे.व. **उमेर साह** | रू.२४,१५,१२०/- | भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा बिगो चौबीस लाख पन्ध्र हजार एक सय बीस रूपैयाँ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुन एवं गलत लिखतसमेत तयार गरे गराएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना हुन तथा गलत प्रतिवेदन तयार गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरसमेत गरेको हुँदा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ५. | धनौजी गाउँपालिका, धनुषाका तत्कालीन शिक्षा शाखा प्रमुख **अनिल कुमार साहु** | रू.२४,१५,१२०/- | भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा बिगो चौविस लाख पन्ध्र हजार एक सय बीस रूपैयाँ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुन एवं गलत लिखतसमेत तयार गरे गराएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना |

| | | | |
|---|---|---|---|
| | | | हुन तथा गलत प्रतिवेदन तयार गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरसमेत गरेको हुँदा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ६. | **अमृत मिडिया प्राइभेट लिमिटेड** तथा उक्त कम्पनीका प्रोप्राइटर **राजेन्द्र यादव** | रू.२,४९,५०४/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ लिने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा बिगो दुई लाख उनान्चास हजार पाँच सय चार रूपैयाँ कायम गरी मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुने सजायलाई आधार लिई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ७. | **जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.,** तथा जनकपुर टुडे राष्ट्रिय दैनिकका प्रधान सम्पादक **बृज कुमार यादव** | रू.२,४९,५०४/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ लिने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा बिगो दुई लाख उनान्चास हजार पाँच सय चार रूपैयाँ कायम गरी मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुने सजायलाई आधार लिई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ८. | **साइन कन्ट्रक्सन, धनुषा** तथा उक्त कम्पनीका प्रोप्राइटर **विकास प्रसाद यादव** | रू.२४,१५,१२०/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ लिने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा बिगो चौबीस लाख पन्ध्र हजार एक सय बीस रूपैयाँ कायम गरी मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुने सजायलाई आधार लिई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन लिइएको छ। |
| ९. | **एसकेवाइ इन्जिनियरिङ एण्ड ट्रेडिङ प्रा.लि., का.म.न.पा.-३१, भिमसेनगोला** तथा उक्त कम्पनीका प्रोप्राइटर **राम नारायण साह** र असिस्टेन्ट सब | रू.२४,१५,१२०/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ लिने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा बिगो चौबिस लाख पन्ध्र हजार एक सय बीस रूपैयाँ कायम गरी मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुने सजायलाई आधार लिई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको |

| | | | |
|---|---|---|---|
| | इञ्जिनियर **शुभाष कुमार महरा** | | दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजायसमेत हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने